# सीपमूलक तालिमको लागि आवेदन

यस महानगरपालिकाको चालू आर्थिक वर्ष २०७५/०७६ को स्वीकृत वार्षिक कार्यक्रममा लक्षित समूह (दलित, आदिवासी/जनजाति, मुस्लिम र पिछडा वर्ग) को लागि विभिन्न सीपमूलक तालिम सम्बन्धी कार्यक्रम रहेका छन् । सो अन्तरगत इलेक्ट्रिसियन, मोवाइल मर्मत, वाल पेन्टिङ, कृषि नर्सरी र प्लम्बिङ सम्बन्धी तालिम संचालन गर्न लागिएको हुँदा तालिम लिन इच्छुक उल्लिखित लक्षित समूहका व्यक्तिहरुले आफुले लिन चाहेको तालिमको विषय खुलाई तपसिल अनुसार कागजात सहित **२०७५ मंसिर ७ गतेसम्म** भरतपुर महानगरपालिका, महिला, बालबालिका तथा समाज कल्याण शाखामा निवेदन दिनहुन सूचित गरिन्छ ।

## तालिमका शर्त तथा सहभागीले पेश गर्नुपर्ने कागजातहरु:

१. एक जना व्यक्तिले एउटा तालिममा मात्र सहभागी हुन पाउनेछ ।

२. न्यूनतम शैक्षिक योग्यता ८ कक्षा पास भएको हुनुपर्नेछ ।

३. सहभागी हुन इच्छुकले पेश गर्नु पर्ने कागजात:

- नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि -१ प्रति
- न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि- १ प्रति
- फोटो -१ प्रति

४. तालिमको लागि उल्लिखित लक्षित वर्ग मध्येमा दलित र आदिवासी जनजातिबाट २२/२२ जना, मुस्लिम र पिछडा वर्गबाट १४/१४ जना छनौट गरिनेछ ।

५. छनौटका आधारहरु:- निवेदन, शैक्षिक योग्यताको प्रमाणपत्र, अन्तरवार्ता ।

Scanned by CamScanner